परमेश्वरको बिषयमा हाम्रो चित्र विभिन्न स्रोतहरुद्धारा विकसित हुन्छ अन्य मानिसहरुले परमेश्वरको विषयमा के भनेका छन्, हाम्रो अनुभव, अभास, अध्यायन, विश्लेषण आदिको परिणाम हो । तर यसमा सबै कुरा ठीक नहुन पनि सक्छ । पछिको अनुभवको आधारमा हामी परमेश्वरको बिषयमा धेरै पक्षपातपूर्ण विचार, विशुद्ध धारणा र गलत अर्थ राखेका छौं कि परमेश्वर को हुनुहुन्छ भनेर, उहाँले के अनि कसरी काम गर्नुहुन्छ भनेर। कहिले काहि हामीले धार्मीक स्थलमा, धार्मीक पुस्तक पुस्तक पढेका छौं कि त्यहाँ पनि परमेश्वरलाई गलत रुपले प्रस्तुत गरेका छन् अनि परिणाम स्वरुप परमेश्वरको चित्र हामी प्रति गलत हुन्छ । कति चोटि हामी यो पनि सोच्छौं कि परमेश्वर निर्दयी र बडो कठोर हुनुहुन्छ ।

यो पुस्तकमा परमेश्वरको एउटा ताजा चित्र बनाउँछ, अनि बाइबलले यो प्रकट गर्छ कि परमेश्वर एक भलो परमेश्वर हुनुहुन्छ ।

आशिष राईचूर

**All Peoples Church & World Outreach**
# 319, 2nd Floor, 7th Main, HRBR Layout,
2nd Block, Kalyan Nagar, Bangalore 560 043
Karnataka, INDIA

Phone: +91-80-25452617, +91-80-65970617
Email: contact@apcwo.org
Website: www.apcwo.org



# परमेश्वर एक भलो परमेश्वर हुनुहुन्छ

आशीष रायचूर

मुद्रण और वितरणः **अल पिपल्स चर्च एवं विश्व सुसमाचार सम्पर्क, बंगलौर**
प्रथम संस्करण नवंबर 2014

अनुवाद एवं प्रूफरीडिंग : सुसिला थापा
आवरण तथा रुपरेखा तयारीः फेथ डिजाइनद्वारा करुणा जयरोम

Contact Information:
All Peoples Church & World Outreach,
# 319, 2nd Floor, 7th Main, HRBR Layout,
2nd Block, Kalyan Nagar, Bangalore 560 043
Karnataka, INDIA

Phone: +91-80-65970617
Email: contact@apcwo.org
Website: www.apcwo.org

यो पुस्तकमा उद्‌दृत सबैशास्त्र खण्डहरु पवित्र बाइबल न्यू किङ्गजेम्स संस्कणबाट लिइएको छ।

सित्तैमा वितरणको लागि
अल पिपल्स् मण्डलीका सदस्यहरू, साथीहरू तथा साझेदारीहरूका आर्थिक सहयोगद्वारा यो प्रकाशनलाई सित्तैमा वितरण गर्नलाई सम्भव बनाइएको छ।

(Nepali book - God is a Good God)

# परमेश्वर एक भलो
# परमेश्वर हुनुहुन्छ

# बिषयहरु


१. परमेश्वरको बिषयमा हाम्रो चित्र 1

२. सत्य परमेश्वरको चित्र ढाकिएको छैन 2

३. परमेश्वरको बारेमा महत्वपूर्ण सत्यता 5

४. हाम्रो परमेश्वर असल परमेश्वर हुनुहुन्छ 9

५. येशू ख्रिष्ट अदृश्य परमेश्वरको साँचो प्रतिरुप 13

# १

# परमेश्वरको बिषयमा हाम्रो चित्र

अरु मानिसहरुले प्रभुको बारेमा भनेको आधारमा हाम्रा बिगतका अनुभवहरुले दिएको निर्णयको आधारमा, हेराइ,पढाई र विश्लेषण गरिएको आधारमा परमेश्वरप्रतिको हाम्रो दृष्टिकोण (चित्रण) धेरै विकासित भएको छ। तर यो सब ठिक नहुन पनि सक्छ। उदाहरणको लागी बिमा सस्थाहरुले यो कुरा घोषित गर्छन् कि भयङ्कर ठूला मौसमी परीस्थितिहरु जस्तै, भुइचालो, आधी र तुफानहरु चाही परमेश्वरका कामहरु हुन्। जब हामीहरु यस प्रकारका कुराहरुसंग भिडन पुग्छौं तब हामीहरुमा परमेश्वरप्रतिको हाम्रो विचार गलत बुझाईमा विकसित हुन्छ। अनि हामी यो कुराको विचारमा बढन थाल्छौं कि यस्ता खालका ठूला आधी वा भैचालोहरुका कारण परमेश्वर हो भनेर।

हामीहरुले उद्धार पाएको वा ख्रीष्टयान भएको धेरै समय भएको भएता पनि परमेश्वरप्रति हाम्रो दृष्टिकोण अझै नमिलेको, अधुरो वा ठिक नभएको हुनसक्छ। सायद हामीले परमेश्वरको वास्ताविकता बुझेको छैनौं। हाम्रो परमेश्वरको चित्रण विगतका अनुभवको आधारमा हामी पूर्वाग्रही भएर उहाँले कसरी के गर्नुहुन्छ, भन्ने कुरा हाम्रो फरक हेराई, गलत धारणा, गलत विचार हुनसक्छ। हाम्रो कल्पनामा परमेश्वर कहिले काहि हामीले सुनेको आधारमा धर्मग्रन्थमा पढेको आधारमा परमेश्वरको वास्तविकताको गलत विचार र बेठिक परिणाम वा गलत सोच हुन सक्छ, अनि हामीले यो सोचीराखेका हुन सक्छौं कि म ठिक छु। तर वास्ताविकतामा हाम्रो परमेश्वर प्रतिको दृष्टिकोण गलत हुनसक्छ।

# २

# सत्य परमेश्वरको चित्र ढाकिएको छैंन

**उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र इश्वरीय स्वाभाव संसारको सृष्टिदेखि नै देखिएको छ। यसैले यिनीहरुलाई कुनै किसिमको बाहाना छैन। किन कि परमेश्वरलाई चिनेर पनि तिनीहरुले परमेश्वरलाई दिनु पर्ने महिमा दिएनन्, नता धन्याबाद नै चढाए, तर तिनीहरु आफ्ना बिचारमा बेकम्मा भए, र तिनीहरुको मूर्ख मन अझ अध्यारो भयो। बुद्धिमान छु भन्ने दाबी गरेतापनि तिनीहरु मूर्ख नै भए । र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।** (रोमी १:२०-२३)

परमेश्वरको स्वभाव हामीलाई उहाँको सृष्टिद्धारा दशाएंको छ। उहाँको अदृश्य गुण अनन्त शक्ति र उहाँको महान्ता सृष्टिद्धारा सजिलै देख्न र बुझ्न् सकिन्छ। प्रकृतिले परमेश्वर को महान्ताको घोषना गर्दछ (भजन १९:१ ३)। तर दु:खको कुरा यो हो कि मानिसहरुले सृष्टिकर्ताको सट्टामा सृष्टिलाई पुज्न थाले। अब हामीले परमेश्वर (सृष्किर्ता) को बारेमा उहाँको सृष्टिद्धारा नै बुझ्न सक्छौं। हामी होशियार बनौं कि हामीले सृष्टिका कुराहरुलाई आफ्नो इश्वर बनाउनु हुँदैन।

**सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ.** (२ तिमोथी ३१६)

सृष्टिबाहेक हामीसंग परमेश्वरको वचन बाईबल पनि छ, जसले हामीलाई परमेश्वरको साचो रुप दर्शाउंछ, किनकी

बाईबल त्यो पुस्तक हो जो परमेश्वरले नै लेख्नु भयो। परमेश्वरका प्रेरणाद्धारा सर्म्पूण धर्मशास्त्रा हामीलाई दिएको छ। हामी जान्दछौं कि सम्पूण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट लेखिएको हो। परमेश्वरको हात उहाँ को वचन लेख्ने मानिसहरुमाथि थियो त्यसकारण बाईबल धर्मशास्त्रले परमेश्वरको विशेषता र गुणलाई दर्शाउछ।

हामी परमेश्वरको विशेषता र गुणको बारेमा बाईबलमा थुप्रैं कुराहरु पढन सक्छौं :

- परमेश्वरको आफ्नै अस्तित्व छ परमेश्वर अरु कुनै कुरामा भर नपरी आफ्नै अस्तित्वमा रहनुहुन्छ।
- उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ उहाँ शुरु देखिनै हुनुहुन्थयो र सदा रहिरहनुहुनेछ।
- परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ उहाँले नै सम्पूर्ण कुरा सृष्टि गर्नुभएको हो।
- परमेश्वर सर्वशक्तिशाली हुनुहुन्छ उहाँ सर्वशक्तिमान हुनुहुन्छ।
- परमेश्वरमा सम्पूर्ण ज्ञान र सबै कुरा बुझ्ने शक्ति छ उहाँ सर्वज्ञानी हुनुहुन्छ।
- उहाँ सबै समयमा सबैठाउँमा उपस्थित हुनुहुन्छ उहाँ सर्वव्यापी हुनुहुन्छ, सम्पूर्ण जगतमा सब समय ब्याप्त हुनुहुन्छ,।
- परमेश्वर आत्मा हुनुहुन्छ, उहाँ स्वयम आत्मा हुनुहुन्छ, उहाँमा आवेग छ र अनुभव गर्न सक्नुहुन्छ।
- परमेश्वर असिमित हुनुहुन्छ उहाँको कुनै नाप नै छैन।

- परमेश्वर सदा एकसमान हुनुहुन्छ उहाँ अपरिवर्तनशिल हुनुहुन्छ, हामी बुढा बुढी हुन्छौं र विकाससंग ब्यक्तित्वमा पनि हेरफेर हुन्छौ तर परमेश्वर संदा समान हुनुहुन्छ, र उहाँ सिद्ध हुनुहुन्छ र उहाँलाई परिवर्तनको खाँचो छैन।
- परमेश्वर सर्वोच्च हुनुहुन्छ उहाँलाई तपाई र मेरो सल्लाहको खाँचो छैन, उहाँलाई जे मन पर्छ त्यो गर्नुहुन्छ।
- परमेश्वर पवित्र हुनुहुन्छ।
- परमेश्वर धर्मी हुनुहुन्छ।
- परमेश्वर न्यायी र निश्पक्ष हुनुहुन्छ।
- उहाँ सत्यको परमेश्वर हुनुहुन्छ।
- उहाँ प्रेमको परमेश्वर हुनुहुन्छ।
- उहाँ असलकुराको परमेश्वर हुनुहुन्छ परमेश्वर असल हुनुहुन्छ र उहाँको गुणहरुको बारेमा हामी अगाडीको पाठहरुमा हेर्नेछौं।

# ३

# परमेश्वरको बारेमा महत्वपूर्ण सत्यता

यहाँ परमेश्वरको बारेमा केही महत्वपूर्ण सत्यताहरु छन् :

## परमेश्वरको इच्छा जहिले पनि उहाँ को हुनुहुन्छ भनेर दर्शाउने र उहाँको स्वभाव मिल्दो हुन्छ।

यदि हामीले परमेश्वर को हुनुहुन्छ भनेर जानेको भए उहाँको इच्छा शक्तिलाई पनि जान्ने थियौ। उहाँको इच्छा उहाँको दृष्टि र हामीहरु प्रति कहिले पनि नकरात्मक छैन। यदि कुनै समयमा वा कहिलेकाँहि हामीले परमेश्वरको इच्छा के छ, हामी जान्दैनौं भनेर भन्छौं भने हामीले परमेश्वरलाई नै उहाँ को हुनुहुन्छ भनेर राम्रोसंग चिनेका हुदैनौं। उदाहरणको लागी, परमेश्वरको स्वभाव नै क्षमाशिल छ र उहाँले सबै पापहरु क्षमा गर्नुहुन्छ भन्ने कुरा मात्र थाहा पाउँछौं, यो कुरा एउटा बिरामी माथि पनि लागु हुन्छ। कि उहाँ सधैं आफनो सृष्टि प्रति कृपालु हुनुहुन्छ त्यसैले उहाँ एक चंगाईकर्ता भएको कारणले बिरामीहरुलाई निको पार्नु उहाँको इच्छा हो, किनकि उहाँले आफ्नो सृष्टिलाई कहिले पनि त्यसै तिरस्कार गर्नुहुन्न। त्यसकारण सबै बिरामीहरुलाई निको पार्नु उहाको इच्छा हो। उहाँले भन्नुभयो, म यहावा रफा हुँ, अर्थात् म निको पार्ने परमेश्वर हुँ। यसैबाट नै उहाँ निको पार्ने परमेश्वर हुनुहुन्छ भन्ने कुराको पुष्टि हुन्छ।

## परमेश्वरले सबै काम आफ्नो स्वभाव र आदत अनुसार मिलाएर गर्नुहुन्छ।

त्यसकारण यदि हामीले उहाँ को हुनुहुन्छ भनेर जानेका भए उहाँले के के गर्नुहुन्छ भनेर पनि जान्ने थियौं। विवाहितहरुले यो कुरा राम्ररी बुझ्न सक्छन्। मेरी श्रीमति एमीले मैले के विचार गर्दैछु, मैले कस्तो ब्यवहार गर्छु, अनि मैले बिशेष समयमा के गर्छु, भन्ने कुरा पहिले नै बताउन सक्छिन् किन कि उनले मलाई राम्ररी चिनेकी छिन्। केहि समयको अन्तर ालमा नै उनले मेरो स्वभाव र आदतको बारेमा बुझ्न सकिन्। त्यसरी नै जब हामीले उहाँले के गर्नुहुन्छ भन्ने कुरा पनि जान्दछौं। उहाँको आफ्नो इच्छा हामीमा पहिले नै प्रष्ट भएका छन् कि बाईबलले हामीलाई परमेश्वरको बारेमा बताउँदछ भनेर, त्यसकारण परमेश्वर को हुनुहुन्छ, कस्तो हुनुहुन्छ

र उहाँको स्वभाव कस्तो छ भनेर जान्न हामीले बाईबल पढेर फाइदा लिन सक्छौं।

## परमेश्वरले कुनैपनि कुरा आफनो स्वभाव र आदतको बिरुद्ध गर्नुहुन्न र बोल्नु पनि हुन्न।

परमेश्वरले म एकदम सत्य परमेश्वर हुँ तर कहिले काहिँ चाँही झूट बोल्छु भनेर भन्नु हुन्न, कअनि उहाँले यो कहिले पनि भन्न सक्नुहुन्न कि म चाहि असल परमेश्वर हुँ, तर कहिले काहिँ आफनो स्वभावको विपरीत भएर काम गर्छु। यसैले हामीलाई यो कुरा पत्ता लगाउन सहायता पुग्छ कि हामीले कस्को कुरा सुनिरहेका छौं, परमेश्वरको वा शैतानको या त हाम्रो आफ्नै, यो कुरा तय गर्न सजिलो छ कि यदि त्यो उहाँको स्वभाव र बर्तावसंग मिल्छ भने त्यो चाहि

परमेश्वरबाटको हो। तर यदि यो उहाँको स्वभावसंग मिल्दैना भने त्यो परमेश्वरबाटको हैन। त्यसकारण यदि हामीले उहाँ को हुनुहुन्छ भनेर जान्न सक्यौ भने उहाँले के भन्नु तथा गर्नुहुन्छ त्यो हामीले जान्न र बुझ्न सक्छौं।

## परमेश्वरलको शक्ति पूर्णरुपमा नै असिमित छ तर पनि त्यहाँ केहि निश्चित कुराहरु छन् जो उहाँले गर्नु हुन्न।

परमेश्वरले यो घोषणा गर्नुहुन्छ कि केहि निश्चित कुराहरु छन् जो उहाँले गर्नुहुन्न, उदाहरणको लागी :

- उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न। (२ तिमोथी २:१३)
- उहाँले झूट बोल्नु सक्नुहुन्न। (तितस १:२)
- उहाँले पाप गर्न सक्नुहुन्न। (याकूब १:१३)

उहाँले यी कुराहरु गर्न सक्नुहुन्न, किन–कि यी कुराहरु उहाँको स्वभावको बिरुद्धमा छन्। उहाँ कहिले पनि अविश्वायोग्य, झूट र प्रेमरहित बन्नुहुन्न।

## परमेश्वरले कहिल्यै पनि मानिसहरुलाई दिनुभएको नैतिक चाहानामा (स्वतन्त्रता छान्ने) हस्तक्षेप गर्नुहुन्न

परमेश्वर महान् परमेश्वरले स्वतन्त्रतामाथि हस्तक्षेप नगर्ने निणर्य गर्नुभयो हामी स्वतन्त्र छौं, कि हामीले राम्रो कुरा छानौ या नराम्रा दुष्ट कुरा, त्यसैकारण नै आदम र हब्बालाई पनि पाप गर्नबाट उहाँले रोक्नु भएन, यदि परमेश्वरले हाम्रो स्वतन्त्रतामाथि हस्तक्षेप गर्नु भएको भए हामी मानिस होईन तर रोबोट हुने थियौं। परमेश्वरले

रोबोटको सृष्टि गर्नुभएन, उहाँले मानिसहरुलाई आफ्नै स्वरुपमा बनाउनु भयो, र स्वतन्त्र इच्छा पनि दिनुभयो। हामीलाई असल र खराब छान्ने स्वतन्त्रता छ, उहाँले त्यो स्वतन्त्रमा हस्तक्षेप गर्नुहुन्न। उहाँले हामीहरुलाई प्रभाव पार्नुहुन्छ, सच्याउनु हुन्छ, सिकाउनु हुन्छ, डोऱ्याउनु हुन्छ, र आफ्नो आत्माद्धारा उहाँको वचन माथि अधिकार दिनुभएको छ, तर हाम्रो इच्छा विपरीत गर्नुहुन्न। त्यसैकारण परमेश्वरले मानिसहरुलाई नरकमा जाने अनुमति दिनुहुन्छ। परमेश्वरको इच्छा सबैले उद्धार पाउन भन्ने हो, तर अझै पनि मानिसहरुले नरक नै छानिरहेका छन्। परमेश्वरले कसैलाई नरक जानु र कसैलाई स्वर्ग जानु भनेर कहिल्यै भन्नु हुन्न, त्यो पक्षपात हो, तर मानिस आफैले रोज्छन्। यसैले हामीले परमेश्वर नियन्त्रणमा हुनुहुन्छ र उहाको आफ्नै कानून छ भन्छौं। तर स्पष्ट भन्नुपर्दा संसारमा हाम्रो इच्छा माथि उहाँको कुनै नियन्त्रण छैन। कहिले काहिँ हामीहरु मूर्ख र विनाशकारी कुराको छनोट गर्दछौ ।

# ४

# परमेश्वर एक भलो परमेश्वर हुनुहुन्छ

थुप्रै कुराहरुको माझबाट पनि बाइबलले हामीलाई यो कुरा प्रष्ट पारीदिन्छ कि त्यहाँ एउटा सजिलै बुझ्न सकिने सत्यता वचनद्धारा घरी घरी दोहो(याएर बुझाई दिएको छ, त्यो हो– **परमेश्वर भलो परमेश्वर** हुनुहुन्छ।

**परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्येको हो।** (भजनसंग्रह ३४:५)

**किनभने परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छअ। उहाँको विश्वसनीयता पुस्ता देखि पुस्तासम्म। रही नै रहन्छर।** (भजनसंग्रह १००:५)

**परमप्रभुमा धन्य वाद चढ़ाओ, किनभने उहाँ भला हुनुहुन्छ्, उहाँको करुणा सदासर्वदा रहिरहन्छर। ८ तिनीहरूले परमेश्विरको अचूक प्रेमको निम्तिछ, र मानिसहरूप्रति उहाँका आश्चहर्य कामका निम्तिच उहाँलाई धन्यभवाद चढ़ाऊन्।** (भजनसंग्रह १०७–१,८)

सधै नै हामीले सबै कुरा ठिक र अत्यन्त राम्रो भएको बेलामा परमेश्वरलाई धन्यबाद दिन्छौं र उहाँको प्रंशसा गर्छौं। तर जब अवस्थाहरु त्यति असल हुँदैनन् अनि हामी यो सोच्न थाल्छौ कि सायद परमेश्वरले असल गर्न छोडनु भयो होला, कुनै दिन हामी केहि घण्टा प्रार्थना गर्छौं अनि सोच्छौ कि आज चाहिं परमेश्वरले हाम्रो लागी धेरै असल कुराहरु गर्नुहुन्छ भनेर, तर अर्को दिन केहि मिनेट मात्र हामी प्रार्थना गर्छौं र यो सोच्न थाल्छौ कि आज परमेश्वरले त्यत्ति असल

कुराहरु गर्नुहुन्न होला भनेर। हामीले धेरै चोटी आज मैले धेरै प्रार्थना गरिन त्यसकारण परमेश्वरले पनि म प्रति आज त्यत्ति राम्रो बन्नुहुन्न होला भनेर आफैले आफैलाई दोषी बनाइरहेका हुन्छौं। परमेश्वर असल नै हुनुहुन्छ। किनकि उहाँ हामीप्रति भलो नै रहनुहुन्छ, चाहे हामीले प्रार्थना गरौं या नगरौं।

हामी कसै कसैले यस्तो पनि सोच्छौं कि परमेश्वर खाली ख्रीष्टियानहरुप्रति मात्र भलो हुनुहुन्छ भनेर, तर बाईबलले भन्छ।

**परमप्रभु अनुग्रही र टिालु हुनुहुन्छ, क्रोध गर्नमा ढिलो र अति करुणामय हुनुहुन्छ। परमप्रभु सबैमाथि भलो हुनुहुन्छु। र आफ्नो समस्तध सृष्टिअमाथि दया राख्नुहुन्छ्।** (भजनसंग्रह १४५:८,९)

परमप्रभु सबै प्रति असल हुनुहुन्छ तिनीहरु प्रति पनि अहाँ असल हुनुहुन्छ, जसले हामीलाई धर्मको खातिर सताउँछन्। उहाँ चर्च जानेहरुसंग मात्र होइन तर पापीहरुप्रति पनि असल (भलो) हुनुहुन्छ।

**र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जुन दुवैलाई सूर्यको ताप दिनुहुन्छर, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ।** (मत्ती ५:४५)

यसैले हामीले पापी मानिसहरु जो लथालिंग अवस्थामा छन् उनीहरुको लागी प्रार्थना गर्न सक्छौं। र उनीहरुमाथि पनि आशिष खन्याउनुहोस् भन्न सक्छौं। परमेश्वर सबै प्रति असल हुनुहुन्छ। यसैले कुनै पनि पापी मानिसलाई चर्चमा परमेश्वर को अगाडि आउँदा राम्रो भएर आउनु र राम्रो व्यवहार गर भन्नू पर्दैन। "परमप्रभु सबैमाथि भलो हुनुहुन्छ। आफ्ना समस्त

सृष्टि माथि दया राख्नुहुन्छ। (भजनसंग्रह ४५:९)। उनीहरुलाई पापी र फोहोर लथालिगं अवस्थामा नै परमेश्वरकहाँ आउन सक्छन्, परमेश्वरको भलाईले उसलाई पश्चतापतिर डोरयाउने छ। (रोमी २:४)

किनकि परमेश्वर भलो हुनुहुन्छ त्यसैले उहाँले हाम्रो जीवनमा भलो चाहनुहुन्छ। म एक असल परमेश्वर हुँ, तर म तिम्रो लागि चाहिँ कुभलो चाहन्छु भनेर कहिल्यै पनि उहाँले आफनै खण्डन गर्नुहुन्न।" उहाँले जे बोल्नुहुन्छ त्यो गर्नुहुन्छ र ती सधैं भलो हुन्छन्।

## किनकि परमेश्वर एक भलो परमेश्वर हुनुहुन्छ उहाँ उद्धारताले दिनुहुन्छ।

**माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्या;ओ त तिमीहरूका निम्तिम उघारिनेछ। किनकि जसले माग्छर, त्यसले पाउँछ, जसले खोज्छ्, त्यीसले भेट्टाउँछ, जसले ढकढक्यागउँछ, त्यसको निम्ति ढोका उघारिनेछ। तिमीहरूमध्येई कुन मानिस होला, जसको छोराले रोटी माग्दाा त्यउसलाई ढुङ्गा देला कि माछा माग्दाा त्य सलाई साँप देला? यसकारण तिमीहरू दुष्ट् भएर आफ्नाा छोराछोरीहरूलाई असल चीज दिन जान्द छौ भने, स्व गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेईहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ।** (मत्ती ७:७-११)

यदि संसारिक बाबुले आफना छोराछोरीहरुलाई असल कुरा दिन्छन् भने, पिताको हृदय भएको परमेश्वरलाई कम मूल्यको नठानौं। परमेश्वर अनन्तको पिता हुनुहुन्छ। यदि हामी जो दुष्ट छौं र पनि आफ्नो छोराछोरीहरुलाई माया, वास्ता र राम्रो व्यवहार गर्छौं भने, म यो दाबिको साथ भन्न सक्छु कि परमेश्वर जो अति नै महान् हुनुहुन्छ। उहाँले आफ्ना छोराछोरीहरुलाई अझ असल कुरो दिन चाहनुहुन्छ।

**हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो  उहाँमा कुनै हेरफेर हुँदैन।** (याकूब १:१७)

**किनकि परमप्रभु परमेश्वदर सूर्य र ढाल हुनुहुन्छ , परमप्रभुले निगाह र इज्जपत प्रदान गर्नुहुन्छ्। सत्यु मार्गमा हिंड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चिरत राख्नुजहुन्नप।** (भजनसंग्रह ८४:११)

परमेश्वर असल र सिद्ध कुरा दिने परमेश्वर हुनुहुन्छ। उहाँले कुनै असल कुरा हामीबाट लुकाउनु हुन्न।

# (५)

# येशू ख्रीष्ट (अदृश्य परमेश्वरको सही प्रतिरुप

**उहाँ अदृश्य परमेश्वरको प्रतिरूप,...** (कलस्सी १:१५)

**... ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ् ... (२ कोरिन्थी ४४)**

**उहाँ नै परमेश्वीरका महिमाको प्रतिबिम्बश र परमेश्वनरकै स्वकभावको वास्ताविक प्रतिरूप हुनुहुन्छर, र सम्पूोर्ण विश्व/लाई आफ्नो शक्तिको वचनले सम्भा ल्नुदहुन्छू। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वररको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।** (हिब्रू १:३)

येशू परमेश्वरको ब्यक्तित्व, विचार सोंच र ज्ञान भएको उहाँको साँचो प्रतिरुप हुनुहुन्छ, जब येशू संसारमा हुनु हुन्थयो उहाँले कहिल्यै पनि नराम्रो काम गर्नुभएन, जब बिरामीहरु उहाँ कहाँ आउँथे, उहाँले त्यसै फर्काउनु भएन, तर निको पारिदिनु भयो। मानिसहरुको खाँचो पुरा गर्न रोटी र माछ्राको बढति गराउनुभयो। यसरी उहाँले हाम्रो संसारिक खाँचोमा पनि भित्रि रुपमा चासो राख्नुहुन्छ भन्ने कुरा प्रमाणित गर्नुभयो ।

**त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।** (मत्ती १५:२२)

**बाटोको छेउमा बसिरहेका दुई जना अन्धाछहरूले येशू त्योत बाटो जाँदै हुनुहुन्छ् भन्नेु सुनेर यसो भनी चिच्याए, हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।** (मत्ती २०:३०)

त्यो कनानी स्त्री र दुइजना अन्धा मानिसहरुले उहाँको दया र करुणा उनीहरुमाथि परोस् भनेर येशूलाई आफ्नो आवश्याकता जाहेर गराए, अनि उहाँको महान्ताले उनीहरुको आवश्याकता पूरा भयो, उनीहरु निको भए । येशू अदृश्य परमेश्वरको स्वरुप हुनुहुन्छ। परमेश्वर जो हुनुहुन्छ त्यसैको साचो प्रतिनिधि। हामीहरुले पनि उहाँको असलपनमा आफ्ना आवश्याक्ताहरुमा जाहेर गर्न सक्छौं र दिन दिनै उहाँको भलोपनको अनुभव गर्न सक्छौं ।

## आफैलाई यी कुराहरु सम्झना गराउनुहोस्

- परमेश्वरको इच्छा सधैं नै उहाँको स्वभावको अनुरुप हुन्छ–कि उहाँ को हुनुहुन्छ।

यसकारण तपाईले उहाँ को हुनुहुन्छ भनेर चिन्नुभयो भने, तपाईले उहाँको चाहाना के छ भनेर पनि जान्न सक्नुहुन्छ। कोहि मानिसले यस्तो पनि विचार गर्छन् कि परमेश्वरको इच्छा चाहि डरलाग्दो हुन्छ। आफैलाई परमेश्वर को इच्छामा राख्नु नै तपाईको लागि राम्रो हुन्छ। तपाईको लागि चाहाना सधैं असल छ। खुशी हुनुहोस् ।

- ्परमेश्वरले सबै काम आफ्नो स्वभाव र आदत अनुसार मिलाएर गर्नुहुन्छ ।

त्यसकारण यदि तपाईले उहाँ को हुनुहुन्छ जान्नुभयो भने उहाँले के गर्नुहुन्छ भनेर पनि जान्नु हुनेछ। साहसका साथ तपाईले भन्न सक्नु हुनेछ, कि परमेश्वरले भलो गर्नुहुन्छ। निश्चय नै उहाँले तपाईलाई सचेत पार्नुहुनेछ र सच्चाउनु हुनेछ, अनि सब यी तपाईको भलाईको लागी हुनेछ ।

- परमेश्वरले कुनै पनि कुरा आफ्नो आदत र स्वभावको बिरुद्धमा वा विपरीत गर्नुहुन्न र बोल्नु पनि हुन्न ।

पकरमेश्वरले कहिल्यै पनि तपाईलाई नराम्ररो कुरा भन्नुहुन्न नता अगमबाणी गरेर यसो भन्नुहुन्छ कि तिमी नरकमा जानेछौं, उहाँले सधैं असल कुरा गर्नुहुन्छ, अनि भलाई गर्नुहुन्छ। परमेश्वर यत्ति भलो हुनुहुन्छ कि उहाँले नराम्रो गर्नै सक्नुहुन्न, यत्ति बुद्धिमान हुनुहुन्छ। कि कहिल्यै गल्ति गर्नुहुन्न, यत्ति सत्य हुनुहुन्छ र कहिल्यै झूट बोल्नुहुन्न अनि यत्ति शक्तिशाली हुनुहुन्छ कि तपाईलाई लड्न दिनु हुन्न ।

## तर यदि परमेश्वर यति भलो हुनुहुन्छ भने किन यो संसारमा खराब कुराहरु भैरहन्छन्?

खबरकागजहरुमा दिनदिनै थुप्रै मानिसहरु ठूलाठूला प्रकृतिक बिपत्तिहरु, बाढि, आधिहरु, आतंककारीको कृयाकलापको कारण, अपराध, यस्तै यस्तै कारणले मानिसहरु मरिरहेको खबर आउँछन्। त्यस कारण परमेश्वर भलो परमेश्वर हुनुहुन्छ भने किन यस्ता नराम्रा कुराहरु हुन्छन त? अनि किन राम्रो मानिसलाई नराम्रो कुरा हुन्छ ?

परमेश्वर भलो परमेश्वर हुनुहुन्छ, तर यस संसारमा दुष्ट (शैतान) छ। यसैले त्यस दुष्ट नराम्रो कुराको प्रभाव पार्छ र दुष्ट कुरा गर्छ। दुःखको कुरा, जानेर या अन्जानमा मानिसहरु शैतानको पछि लागेर दुष्ट काम गर्ने भएका छन्। आदमले गरेको पापको कारणले शैतानले धेरै मौका पाएको छ। संसारको जिम्मा आदमलाई दिएको थियो, र उसको अनाज्ञाकारीताद्धारा यो जिम्मा शैतानलाई दिएको छ। तर यो केहि समयको लागि मात्र हो। यसैले शैतानले आफ्ना काम हतारले गर्दैछ (प्रकाश १२:१२) एक समय जब शैतान र

त्यसका दूतहरु संसारबाट निकालिनेछन् (मत्ति ८:२९) प्रकाशको किताबले स्पष्ट पार्दछ कि परमेश्वरले शैतान र यसका दूतहरुको लागी योजना बनाउनु भएको छ (प्रकाश २०:१०,१४)

**एक दिन उहाँ आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभयो, र उहाँले तिनीहरूलाई भन्नु भयो, "हामी तालको पारिपट्टि जाऔं।" र उहाँहरू डुङ्गामा चढ़ी जानुभयो। डुङ्गामा जाँदैगर्दा उहाँ निदाउनुभयो। तालमा आँधीबेहरी चल्न लाग्यो। डुङ्गा पानीले भरिन लाग्यो, र तिनीहरू आपत्मा परे। अनि तिनीहरूले नजिक आएर उहाँलाई यसो भन्दै ब्यूँझाए, "गुरुज्यू, गुरुज्यू, हामी डुब्न लाग्यौं।" उहाँले बतास र प्रचण्ड लहरलाई हकार्नुभयो, र ती थामिए अनि सबै शान्त भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको विश्वास कहाँ गयो तिनीहरू भयभीत भए, अनि आश्चर्यचकित भए र आपसमा भन्नह लागे, "यिनी को हुन्? यिनले बतास र पानीलाई समेत आज्ञा दिन्छन्, अनि तिनीहरू यिनको आज्ञा मान्छन्।"** (लूका ८:२२-२५)

येशू र उहाँका चेलाहरु आँधीको बिचमा थिए (लूका ८:२२(२५) वास्तावमा चेलाहरुले आफूले जे सक्थे त्यो गरे । जब त्यो समाल्न नसक्ने भयो, अनि तिनीहरुले अब चाहि आँधीमा परेर मर्छौं भन्ने सोचे। उनीहरुले येशूलाई उठाए। पिताको इच्छा यिनीहरु चाहि आँधिमा परेर मर्नु हो भनेर अन्तिम प्राथाना गर्न येशू उठनुभएन, उहाँ साहस सहित डँङ्गाको अगाडितिर बढनु भयो र बतास र आधीलाई हकार्नु भयो, अनि त्यहाँ ठूलो शान्ति छायो। हामीले प्रश्न गर्न सक्छौ–आँधी कसको कासणले आयो? शैतानबाट अथवा प्रकृतिको काम हो ?

यो परमेश्वरबाट थिएन, नत्रता येशू परमेश्वर पिताको इच्छा विपरीत ठहरिनु हुन्थयो। त्यसैले यो कि त शैतानको काम या त प्रकृतिक कारणले आएको हुन सक्छ। परमेश्वर ले कतिवटा कामका नियमहरु बनाउनु भएको छ। एउटा

स्याउलाई हावातिर फयाल्यौ भने त्यो तल झर्छ, यो परमेश्वरले धकेलेर हाईन तर गुरुत्व आर्कषणले गर्दा हो। उहाँले प्राकृतिक कामहरुको पनि नियम बनाउनु भएको छ। तर शैतानले पनि वास्ताविक ढंगले काम गर्छ, अय्यूबको पुस्तकको १ र २ अध्यायमा हामी पढन सक्छौं शैतान परमेश्वरको उपस्थितिबाट गयो र नि:सन्देह रुपमा अय्यूबको परिवार र उसको ब्यक्तिगत जीवनमा ठूलो विनाश ल्यायो। बिपत्तिमा परमेश्वरलाई दोष नलगाऔ, किनकि उहाँ सबै समय असल हुनुहुन्छ, यो बिपत्तिको कारण शैतान या त दैविप्रकोप नै हुनसक्छ ।

परमेश्वर एकदिन भलो अनि अर्को दिन कुभलो हुनुहुन्न, उहाँ सदा असल परमेश्वर हुनुहुन्छ ।

जब येशूले आँधीलाई हर्कानुभयो उहाँले आफ्ना चेलाहरुतिर फर्केर उनीहरुलाई त्यो दिन किन चर्च गएनौ भनेर सोध्नु भएन, उहाँले तिमीहरुको विश्वास खै भनेर सोध्नु भयो। उहाँलाई थाहाँ थियो कि तिनीहरुले विश्वासमा उभिएर अधिकार सहित यसमा खडा रहन सक्ने थिए भनेर यसरी नै हामीहरुमध्ये कति जनाको जीवनमा यस्तै आँधी तुफान (अध्यारो) आउँदा परमेश्वरलाई दोष दिईरहेका हुन्छौं। परमेश्वरलाई दोषी ठहराउन बन्द गरौ, आउनुहोस् अधिकार सहित उठौं र भनौं कि हामी हाम्रो भलो परमेश्वरमा विश्वास साथ तँलाई निश्फल (शान्त) पार्छौं भनेर। हाम्रो जीवनलाई बगाउन आउने आँधी चाही हाम्रो भलो परमेश्वर को कारणले हाईन। परमेश्वरले शैतानलाई कुनै निश्चित समयसम्मको लागी यस संसारलाई चलाउने अधिकार दिनु भएको छ, तर उहाँले हामीहरुलाई कहिले पनि असहायरुपमा छोड्नु या त्यागनु हुन्न। उहाँले हामीहरुलाई विश्वासको ढाल

लगाउन दिनु भएको छ, अनि उहाँको वचन पनि, जसलाई चलाएर हामीहरु विजयी ख्रीष्टियान जीवन जिउन सक्छौं ।

किनकि परमेश्वर न्यायी परमेश्वर हुनुहुन्छ, यसैले त्यहाँ न्याय र निणर्यका (फैसला) कुराहरु छन्, तर तीहरु चाहि त्यस बेलाको लागी हुन्, जब हामीहरुले नियम तोड्छौ अनि सिमा नाघेर हिड्छौं ।

परमेश्वरको इच्छा उहाँ को हुनुहुन्छ, त्यसको लागी उहाँको प्रशंसा गरौं–उहाँलाई उहाँको महान्ताको लागी धन्यबाद र प्रंशसा गरौं, ताकि उहाँ कस्तो हुनुहुन्छ, त्यसमा दृढ भएर हामी जीउन सकौं–उहाँ पवित्र हुनुहुन्छ त्यसैले हामी पनि पवित्र हुनुपर्छ, उहाँ भलो हुनुहुन्छ, त्यसैले हामी पनि एक अर्का प्रति भलो नै हुनुपर्छ, हाम्रो जीवन शैली र ब्यवहार उहाँको जस्तै असल हुनुपर्छ, अनि मात्र उहाँको भलोपनलाई हामीहरुले पूर्णरुपमा महसुस गर्न सक्छौं। किनकि हामीहरुले उहाँको पूर्णता पाएको चाहनुहुन्छ) **"उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौं।"** (यूहन्ना १:१६)

हामीले हाम्रो जीवनमा परमेश्वरको भलोपन अनुभव गर्न सक्छौं। **"निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु।"** (भजनसंग्रह २३:६)

# अल् पिपल्स् मण्डलीको साझेदार बन्नुहोस्

विशेष गरी उत्तर भारतमा केन्द्रीत गर्दै अल् पिपल्स् मण्डलीको सेवकाइले (क) अगुवाहरूलाई सशक्तिकरण गर्ने, (ख) सेवकाइको निम्ति जवान मानिसहरूलाई सुसज्जित पार्ने तथा (ग) ख्रीष्टको देहलाई निर्माण गर्ने आदि जस्ता कुराहरूद्वारा आफ्नो सीमानालाई बढाउँदै भार तभरि नै पुग्ने लक्ष्यसाथ अघि बढ़िरहेको छ। वर्षभरि नै जवान मानिसहरू, पाष्टरहरू तथा सेवकहरूका निम्ति विभिन्न किसिमको तालीम सेमिनारहरू तथा सम्मेलनहरूलाई प्रदान गर्दै आइरहेको छ। यसको अतिरिक्त, परमेश्वरको वचन तथा आत्मामा विश्वासीहरूलाई निर्माण गर्ने उद्देश्यसाथ अङ्ग्रेजी लगायत भारतका अन्य विभिन्न किसिमका भाषाहरूमा हजारौं पुस्तकहरूलाई सित्तैंमा वितरण गर्दै आइरहेको छ।

परमेश्वरले हामीलाई डोऱ्याउनुभएको सबै कुराहरूतिर अघि बढ्नको निम्ति, हामीलाई ठूलो आर्थिक सहयोगको जरुरी हुन्छ। तसर्थ, एक पटके वा प्रत्येक महिना पठाइने आर्थिक भेटीस्वरूप तपाईंले हामीलाई सहायता गरेर हामीसँग साझेदार हुनुहोस् भन्ने निम्तो तपाईंहरूलाई दिन्छौं। राष्ट्रभरि नै यस कार्यलाई अघि बढ़ाउनको निम्ति तपाईंले हामीलाई मद्दतस्वरूप जतिसुकै रकम पनि पठाउन सक्नुहुन्छ र ती त्यस्ता कार्यहरूको ठूलो सरहाना गरिनेछ।

अल् पिपल्स् मण्डलीको बैङ्गलोरस्थित हाम्रो कार्यालयले प्राप्त गर्ने गरी तपाईंले आफ्नो भेटी/अनुदान रकमलाई चेक/बैङ्क ड्राफ्टद्वारा पठाउन सक्नुहुनेछ। अथवा, तपाईंले निम्नलिखित हाम्रो संस्थाको बैङ्क खातामा पनि आफ्नो रकमलाई सिधैं स्थानन्तरण गर्न सक्नुहुनेछ।

Account Name: All Peoples Church

Account Number: 0057213809,

IFSC Code: CITI0000004

Bank: Citibank N.A., 506-507, Level 5, Prestige Meridian 2, # 30, M.G. Road, Bangalore - 560 001

कृपया टिपोट गर्नुहोस्: अल् पिपल्स् मण्डलीले विदेशी मुद्रा प्राप्त गर्ने अनुमति पाएको छैन र त्यसैकारणले बैङ्कमार्फत गरिने कारोबार केवल भारतीय नागरिकहरूका लागि मात्र सम्भव छ। आफूले दिनुभएको अनुदान रकमलाई यदि हाम्रो सेवकाइको कुनै निश्चित क्षेत्रमा प्रयोग गरिएको होस् भन्ने तपाईंले चाहनुहुन्छ भने, त्यसलाई तपाईंले उल्लेख गर्न सक्नुहुनेछ।

त्यसरी नै कृपया हाम्रो सेवकाइ तथा हामीलाई तपाईंले सक्दो प्रार्थनामा पनि सहायता गर्नुहोस् भन्ने अनुरो गर्दछौं।

**धन्यवाद र परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन!**

## अल पिपल्स् मण्डलीबाट प्रकाशित पुस्तक

**नेपालीमा**

आशा नगुमाउनुहोस्
परमेश्वर एक भलो परमेश्वर हुनुहुन्छ

यसैले निम्नलिखित तालिम तथा पढाईहरुलाई प्रदान गर्दै आईर हेको छ । जस्तैं:

उत्कृष्ट शिक्षाको साथसाथ आत्मिक तथा व्यवहारिक सेवाकाइ तालीम प्रदान गर्ने पूणकालीन बिद्यार्थीहरुका लागी बैङ्गलोरमा र हेर गरिने २ बर्षे बाइबल कलेज अध्यायन, यस अध्यायनलाई पूरा गरेका बिद्यार्थीहरुले Diploma in Theology and Christian Ministry ( Dip. Th. And CM) तथा नामक प्रमाणपत्रहरु प्राप्त गर्नेछन् । सम्पूर्ण अध्यायन तथा अध्यायन अंग्रेजीमा भाषामा गराइने छ । हाम्रा शिक्षकहरु परमेश्वरका वचनमा तालीम पाएका तथा अभिषेक पाएकाहरु छन् । शिक्षक तथा विद्यार्थी वर्गहरुले एपिसीको अध्यायन केन्द्र तथा पुस्ताकालयलाई प्रयोग गर्न पाउनेछन् । प्रमाणपत्रलाई ज्राप्त गर्न सक्नेछन् ।

## छोटो अवधिको बाइबल कोर्श (हिन्दीमा)

उत्तरी भारतमा सन् २०१२ देखि एपिसीले साँढे दुई महिने गहन तालीमलाई प्रदान गर्दै आइरहेको छ । हालैंमा चम्पा खीष्टियान हस्पिटलसंगको साझेदारीतामा छत्तिसगढको चम्पामा यो तालीमलाई दिदै आइरहेका छौं । थप केन्द्रहरु थपिंदै जानेछ ।

# मण्डलीको बारेमा

अल् पिपल्स् मण्डलीमा हाम्रो दर्शन भनेको बैङ्गलोर सहरमा नून र ज्योति बन्नु हो भने, भारत तथा विश्वका अन्य राष्ट्रहरूका निम्ति एउटा आवाज बन्नु हो ।

तसर्थ, हाम्रो मण्डली तथा सेवकाइहरूमा पवित्र आत्माको प्रदर्शन तथा अभिषेकको आधारमा, परमेश्वरको वचनलाई पूर्ण तथा असम्झौतापूर्ण तरिकाले प्रस्तुत गर्न हामी प्रतिबद्ध रहेका छौं । परमेश्वरले गर्नुभएको अभिषेकको माध्यमद्वारा चिन्हहरू, अच्चमका कार्यहरू तथा पवित्र आत्माको वरदानहरू (१ कोरिन्थी २:४,५; हिब्रू २:३,४) का साथ पवित्र आत्माको शक्तिमा प्रचार तथा घोषणा गरिएको उहाँको वचनलाई कुनै पनि राम्रोभन्दा राम्रो सङ्गीत तथा गायन, सृजनात्मक प्रस्तुतिहरू, तार्किक इसाई मतहरू, समकालीन सेवकाइ विधिहरू तथा अत्याधुनिक प्राविधिहरूद्वार ा कहिल्यै पनि प्रतिस्थापन गर्न सकिँदैन भन्ने कुरा हामी विश्वास गर्छौं ।

हाम्रो प्रमुख विषय भनेको येशू ख्रीष्ट हुनुहुन्छ भने, हाम्रो विषयवस्तुचाहिँ उहाँको वचन बाइबल, हाम्रो पद्दति भनेको पवित्र आत्माको सामर्थ्य हुनुहुन्छ भने, हाम्रो उत्कट चाहना भनेको मानिसहरू अनि हाम्रो लक्ष्य भनेको अवश्य नै ख्रीष्टझैं देखिने परिपक्वतातर्फ अघि बढ्नु हो ।

समय समयमा नयाँ मण्डलीहरू विभिन्न ठाउँ ठाउँमा स्थापित गर्दै आइरहेका छौं । अल् पिपल्स् मण्डलीहरूका ताजा सूची तथा जानकारी प्राप्त गर्नको लागि, कृपया हाम्रो वेवसाइट www.apcwo.org मा हेर्नुहोस् वा ईमेलः contact@ apcwo.org द्वारा हामीसँग सम्पर्क गर्नुहोस् ।

# के तपाईंलाई प्रेम गर्ने परमेश्वरलाई तपाईंले चिन्नुभएको छ ?

करिब २००० वर्ष अघि परमेश्वर यस संसारमा मान्छेजस्तै भएर आउनुभयो। उहाँको नाउँ येशू हो। उहाँले सिद्ध रुपमा पाप रहित जीवन विताउँनुभयो। येशू शरीरमा देखिनुभएको परमेश्वर हुनुभएको हुनाले, उहाँले भन्नुभएको र गर्नुभएका सबै कुराहरूले परमेश्वरलाई हाम्रो समक्ष प्रकट गर्नुभयो। उहाँले बोल्नुभएको वचन नै परमेश्वरको वचन थियो। उहाँले गर्नुभएका कार्यहरू नै परमेश्वरका कार्यहरू थिए। येशूले पृथ्वीमा थुप्रै अचम्मका कामहरू पनि गर्नुभयो। उहाँले रोगी र सताइएकाहरूलाई चंङ्गाई गर्नुभयो। उहाँले अन्धोहरूका आँखा खोलिदिनुभयो, बहिरा कानहरूलाई खोलिदिनुभयो, लङ्गडाहरू हिँड्न सक्ने बनाउनुभयो र थुप्रै किसिमका रोगहरू तथा विमारीहरूलाई चंङ्गाई गर्नुभयो। उहाँले केही रोटीहरूलाई अलौकिक क्रियाद्वारा धेरै बनाउँदै भोकाहरूलाई दिनुभयो भने, आँधिबेहरीलाई शान्त पार्दै थुप्रै अरु असल कुराहरू पनि गर्नुभयो ।

**यी सबै कुराहरूले परमेश्वर असल हुनुहुन्छ र उहाँले आफ्ना जनहरू राम्रो, असल, स्वस्थ्य र खुशी रहेको चाहानुहुन्छ भनेर हामी समक्ष प्रकाश पार्दछ। परमेश्वरले मानिसहरूका आवश्यकतालाई पूरा गर्न चाहानुहुन्छ।**

त्यसोभए किन परमेश्वरले मानिस भएर हाम्रो संसारमा प्रवेश गर्ने निर्णय लिनुभयो त ? येशू किन आउनुभयो ?

हामी सबैले पाप गरेका छौं र हामीलाई सृष्टि गर्नुहुने परमेश्वरका अगि ती कुराहरू स्वीकारयोग्य छैनन्। पापको परिणामहरू रहेका छन्। पाप भनेको परमेश्वर र हामीबीच भएको ठूलो पार गर्न नसक्ने पर्खाल हो। पापले हामीलाई परमेश्वरबाट अलग गर्दछ। यसले हामीलाई हाम्रो सृष्टिकर्तासँग अर्थपूर्ण सम्बन्ध राख्न र उहाँलाई जान्ने कुराबाट बञ्चित गराउँछ। त्यसैकारणले हामीमध्ये धेरैले यो रिक्ततालाई अन्य कुराहरूले भर्ने चेष्टा गर्दछौं ।

हाम्रो पापको अर्को परिणाम भनको परमेश्वरबाट अनन्तको लागि अलग हुनु हो। परमेश्वरको न्यायलयमा, पापको ज्याला मृत्यु हो। मृत्यु भनेको परमेश्वरबाट अनन्तको लागि अलग हुने नरकमा जानु हो ।

तर असल खबर यो कि हामी पापको बन्धनबाट स्वतन्त्र हुँदै परमेश्वरसँग पुर्नमिलनमा आउन सक्छौं। बाइबलले यसरी बताउँछ, **"किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैंको वरदान खीष्ट येशू, हाम्रा प्रभुमा अनन्त जीवन हो** (रोमी ६:२३)।" जब येशू खीष्टमा मर्नुभयो, उहाँले सम्पूर्ण संसारको पापको ज्याला तिरिदिनुभयो। त्यसपछि तीनदिन पश्चात उहाँ फेरि जीवित हुनुभयो, धेरैलाई आफू जीवित भएको देखाउनुभयो अनि स्वर्गमा जानुभयो ।

परमेश्वर प्रेम र दयाको परमेश्वर हुनुहुन्छ। उहाँले कोही पनि नरक गएको चाहानुहुन्न्। अनि यसरी उहाँ सम्पूर्ण मानवजातिलाई पापको बन्धन र यसको परिणामबाट छुटकारा

दिने मार्ग प्रदान गर्न आउनुभयो। उहाँ पापीहरूलाई बचाउन आउनुभयो। तपाईं र म जस्ता मानिसहरूलाई पाप र अनन्तको मृत्युबाट बचाउन आउनुभयो ।

यी पापहरूबाट सित्तैंमा क्षमा पाउनको लागि, हामीले एउटै मात्र कुरा गर्नुपर्दछ भनेर बाइबलले बताउँछ अनि त्यो : येशू ख्रीष्टले क्रूसमा गर्नुभएको कामलाई स्वीकार गर्दै सम्पूर्ण हृदयले उहाँमाथि विश्वास गर्नु हो ।

**"उहाँमा विश्वास गर्ने हरेक मानिसले आफ्नो पापबाट उहाँकै नाउँद्वारा क्षमादान पाउँदछ** (प्रेरित १०:४३)।"

**"किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौं र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौं भने तिमीले मुक्ति पाउनेछौं** (रोमी १०:९)।"

यदि तपाईंले प्रभु येशू ख्रीष्टलाई विश्वास गर्नुभयो भने, तपाईंले पनि तपाईंका पापहरूबाट क्षमादान पाउँनुहुन्छ र तपाईं शुद्ध हुन सक्नुहुन्छ ।

निम्नलिखित प्रार्थना येशू ख्रीष्टले तपाईंको लागि क्रूसमा गर्नुभएको कार्यमाथि विश्वास राख्न निर्णय लिनलाई सहायता पुऱ्याउने सरल प्रार्थना हो। यो प्रार्थनाले तपाईंको निम्ति ख्रीष्टले गर्नुभएको कुरालाई तपाईंले स्वीकार गर्नुभएको कुरा प्रकट गर्न सहायता गर्दछ र तपाईंले आफ्ना पापहरूबाट क्षमादान पाउनुभएको तथा शुद्ध हुनुभएको निश्चयता पनि दिलाउँछ। यो प्रार्थना केवल तपाईंको निम्ति निर्देशन मात्र हुन्। तपाईंको आफ्नै शब्दहरूमा पनि तपाईंले प्रार्थना गर्न सक्नुहुन्छ ।

*प्यारो प्रभु येशू आज मैंले तपाईंले मेरो निम्ति क्रूसमा गर्नुभएको कुरालाई बुझेको छु। तपाईं मेरो लागि मर्नुभयो: तपाईंले तपाईंको बहुमूल्य रगत मेरो पाप र त्यसको परिणामको लागि बगाउनुभयो र यसरी मैंले क्षमा पाउन सकेको छु। बाइबलले मलाई यो बताउँछ कि जो कसैले तपाईंमाथि विश्वास गर्छन तिनीहरूले उनीहरूका पापहरूबाट क्षमा पाउनेछन्।*

*आज नै म तपाईंमाथि विश्वास गर्छु भन्ने निर्णय बनाउनेछु र तपाईंले मेरो लागि क्रूसमा मर्नुभएको र फेरि मृत्युबाट जीवित हुनुभएको कुरालाई म स्वीकार गर्नेछु। मैंले मेरा कुनै पनि असल कामहरूद्वारा आफैलाई बचाउन सक्दिँन, नता कुनै पनि मानिसले नै मलाई बचाउन सक्दछन भन्ने कुरा मैंले जानेको छु। मेरा पापहरूको क्षमादानलाई मैंले कमाउन सक्दिँन ।*

*आज म मेरो हृदयमा विश्वास गर्दै मुखले भन्छु कि तपाईं मेरो लागि मर्नुभयो, मेरो पापहरूका दण्डलाई तपाईंले तिरिदिनुभयो, मृत्युबाट पुर्नजीवित हुनुभयो र मेरो विश्वासद्वारा मैंले क्षमादान र शुद्ध हुन सक्नेछु ।*

*धन्यवाद येशू । तपाईंलाई प्रेम गर्न, अझ धेरै तपाईंबारे जान्न र सधै तपाईंको विश्वासनीय भएर रहन सक्ने मलाई बन्नमा सहायता गर्नुहोस् । आमेन् ।*